# सशर्त अनुदान सम्बन्धी कार्यविधि, २०८०

**प्रस्तावनाः** महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति एवं यौनिक तथा लैङ्गिक अल्पसंख्यकको विकास, संरक्षण र व्यवस्थापनको क्षेत्रमा संस्था परिचालन गरी मन्त्रालयबाट स्थानीय तहलाई प्रदान गरिने सशर्त अनुदानलाई उपलब्धीमूलक बनाउन वाञ्छनीय भएकोले,

विनियोजन ऐन, २०८० को दफा ९ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले देहायको कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "सशर्त **अनुदान सम्बन्धी कार्यविधि, २०८०**" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "अनुदान रकम" भन्नाले यस मन्त्रालयबाट उपलब्ध गराइने सशर्त अनुदान रकम सम्झनु पर्छ।

(ख) "मन्त्रालय" भन्नाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनु पर्छ।

(ग) "संस्था" भन्नाले महिला, बालबालिका,ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति एवं यौनिक तथा लैङ्गिक अल्पसंख्यकको क्षेत्रमा काम गर्ने संस्था सम्झनु पर्छ।

(घ) "स्थानीय तह" भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ।

३. **अनुदान रकम उपलब्ध गराउनेः** मन्त्रालयले महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति एवं यौनिक तथा लैङ्गिक अल्पसंख्यकको अधिकार क्षेत्रमा काम गर्ने गरी संस्था परिचालन गर्नका लागि स्थानीय तहलाई अनुदान रकम उपलब्ध गराउनेछ ।

४. **स्थानीय तह छनौटका आधारः** (१) मन्त्रालयले दफा ३ बमोजिमको काम गराउनको लागि मानव विकास सूचकाङ्कमा पछाडि परेका जिल्लाका स्थानीय तहलाई छनौट गर्नेछ।

(२) उपदफा (१) बमोजिमको मानव विकास सूचकाङ्क सम्बन्धी जिल्लागत विवरण अनुसूचीमा उल्लेख भए बमोजिम रहेको छ।

(३) उपदफा (१) बमोजिम स्थानीय तह छनौट गर्दा सबै प्रदेशबाट प्रतिनिधित्व हुने गरी गर्नु पर्नेछ।

५. **अनुदान रकमको सीमाः** मन्त्रालयले देहाय बमोजिमको सीमाभित्र रही स्थानीय तहलाई अनुदान रकम उपलब्ध गराउनेछः-

(क) मानव विकास सूचकाङ्कमा क्रम संख्या एक देखी छब्बीससम्म परेका जिल्लाका स्थानीय तहलाई प्रति ~~जिल्ला~~ स्थानीय तह बढीमा पचीस लाख रुपैयाँसम्म,

(ख) मानव विकास सूचकाङ्क सत्ताइस देखी बाउन्नसम्म रहेका जिल्लाका स्थानीय तहलाई बढीमा चालीस लाख रुपैयाँसम्म,

(ग) मानव विकास सूचकाङ्क त्रिपन्नभन्दा माथी रहेका जिल्लाका स्थानीय तहलाई बढीमा तीसलाख रुपैयाँसम्म।

६. अनुदान रकम हस्तान्तण गराउने: (१) मन्त्रालयले दफा ४ बमोजिम छनौट भएका स्थानीय तहको नाममा अनुदान रकम हस्तान्तरणका लागि अर्थ मन्त्रालयमा लेखि पठाउनेछ।

(२) उपदफा (१ बमोजिम मन्त्रालयबाट सिफारिस भई आएका स्थानीय तहलाई अर्थ मन्त्रालयबाट बार्षिक बजेटसँगै अन्तरसरकारी वित्तिय हस्तान्तरणमार्फत अनुदान रकम हस्तान्तरण हुनेछ।

तर, उपदफा २ मा जुनसुकै कुरा लेखिएको भएता पनि चालु आर्थिक वर्ष २०८०/८१ को लागि विनियोजित बजेटबाट यस कार्यविधि बमोजिम कार्यक्रम कार्यान्वयन गर्न बाधा पर्ने छैन ।

७. स्थानीय तहको दायित्व : यस कार्यविधि बमोजिम मन्त्रालयबाट अनुदान रकम उपलब्ध गराइएका स्थानीय तहको दायित्व देहाय बमोजिम हुनेछः–

(क) महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति एवं यौनिक तथा लैङ्गिक अल्पसंख्यकको विकास, संरक्षण तथा व्यवस्थापनको क्षेत्रमा काम गर्ने संस्थालाई अनुदान रकम उपलब्ध गराउने,

(ख) संस्थालाई प्रदान गरेको रकमको वित्तीय तथा भौतिक प्रगति प्रतिवेदन जिल्ला समन्वय समिति मार्फत बार्षिक रुपमा मन्त्रालयमा पठाउने,

(ग) अनुदान रकम उपलब्ध गराएका संस्थाको कार्यक्रमको अनुगमन गर्ने,

(घ) उपलब्ध गराएका अनुदान रकमको लेखापरीक्षण गराउने।

८. संस्था छनौटका आधारः स्थानीय तहले देहायको आधारमा मन्त्रालयबाट अनुदान उपलब्ध गराउने संस्था छनौट गर्न सक्नेछः-

(क) प्रचलित कानून बमोजिम दर्ता भई निरन्तर सञ्चालन तथा नवीकरण भएको संस्था,

(ख) कुनै राजनीतिक दल, विचारधारा तथा धार्मिक आस्थालाई प्रचार तथा प्रचार गर्ने उद्देश्य नरहेको संस्था,

(ग) संस्थाले लक्षित वर्गमा पुर्याएको योगदान,

(घ) संस्थाले सम्बन्धित क्षेत्रमा गरेको कार्य अनुभव,

(ङ) संस्थाले रोजगारीको क्षेत्रमा पुऱ्याएको योगदान।

९. अनुदान रकमको प्रयोगः (१) यस कार्यविधि वमोजमका संस्थालाई जुन क्षेत्रमा काम गर्ने गरी स्थानीय तहले अनुदान रकम उपलब्ध गराएको हो सोही क्षेत्रमा मात्र उपयोग गर्नुपर्ने छ।

(२) संस्थाले यसै आर्थिक वर्ष भित्रमा सम्पन्न हुने कार्यक्रम संचालन गर्नकोलागि मात्र अनुदान रकमको प्रयोग गर्नुपर्ने छ।

(२) संस्थाले यसै आर्थिक वर्ष भित्रमा सम्पन्न हुने कार्यक्रम संचालन गर्नकोलागि मात्र अनुदान रकमको प्रयोग गर्नुपर्ने छ।

(३) यस कार्यविधि बमोजिमको अनुदान रकम बाट संचालन भएका कार्यक्रम यस आर्थिक वर्ष भित्र सम्पन्न हुन नसकेमा त्यस्ता कार्यक्रम सम्पन्न गर्ने आर्थिक दायित्व मन्त्रालयको हुने छैन।

१०. <u>अनुगमन सम्बन्धी</u>: (१) मन्त्रालय र जिल्ला समन्वय समितिको कार्यालयले यस कार्यविधि बमोजिम अनुदान रकम प्राप्त गरेका संस्थाबाट सञ्चालित कार्यक्रमको अनुगमन तथा समन्वय गर्न सक्नेछ।

(२) स्थानीय तहले यस कार्यविधि बमोजिम अनुदान रकम प्राप्त गरेका संस्थाबाट सञ्चालित कार्यक्रमको अनुगमन गरी जिल्ला समन्वय समितिको कार्यालय र मन्त्रालयमा बार्षिक रुपमा प्रतिवेदन पेश गर्नु पर्नेछ।

११. <u>वार्षिक प्रतिवेदन प्रकाशन गर्नुपर्ने</u>: (१) मन्त्रालयले दफा १० बमोजिम प्राप्त प्रतिवेदनको आधारमा वार्षिक प्रतिवेदन तयार गरी मन्त्रालयको वेवसाइटमा राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन तयार गर्दा हरेक संस्थाले सम्पादन गरेका काम कारबाहीबाट लाभान्वित लाभग्राहीको वर्ग, लाभको किसिम र संख्या समेत उल्लेख गर्नु पर्नेछ।

अनुसूची

(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)

मानव विकास सूचकाङ्क सम्बन्धी जिल्लागत विवरण

| क्र.सं. | जिल्ला | मानव विकास सुचकांङ्क HDI |
|---|---|---|
| १ | बाजुरा | ०.३६४ |
| २ | बझाङ | ०.३६५ |
| ३ | कालीकोट | ०.३७४ |
| ४ | हुम्ला | ०.३७६ |
| ५ | अछाम | ०.३७८ |
| ६ | रौतहट | ०.३८६ |
| ७ | महोत्तरी | ०.३८८ |
| ८ | जाजरकोट | ०.३९३ |
| ९ | रोल्पा | ०.३९५ |
| १० | मुगु | ०.३९७ |
| ११ | डोल्पा | ०.४०१ |
| १२ | सर्लाही | ०.४०२ |
| १३ | डोटी | ०.४०७ |
| १४ | सिराहा | ०.४०८ |
| १५ | जुम्ला | ०.४०९ |
| १६ | प्युठान | ०.४१३ |
| १७ | बैतडी | ०.४१६ |
| १८ | दैलेख | ०.४२२ |
| १९ | धनुषा | ०.४३१ |
| २० | रुकुम (पूर्व र पश्चिम) | ०.४३१ |
| २१ | कपिलवस्तु | ०.४३२ |

| | | |
|---|---|---|
| २२ | दार्चुला | ०.४३६ |
| २३ | ससरी | ०.४३७ |
| २४ | सिन्धुली | ०.४४ |
| २५ | सल्यान | ०.४४१ |
| २६ | डँडेलधुरा | ०.४४२ |
| २७ | सिन्धुपाल्चोक | ०.४५५ |
| २८ | बारा | ०.४५७ |
| २९ | दोलखा | ०.४५९ |
| ३० | कैलाली | ०.४६ |
| ३१ | रसुवा | ०.४६१ |
| ३२ | धादिङ | ०.४६१ |
| ३३ | पर्सा | ०.४६४ |
| ३४ | गुल्मी | ०.४६४ |
| ३५ | नुवाकोट | ०.४६६ |
| ३६ | बर्दिया | ०.४६६ |
| ३७ | ओखलढुङ्गा | ०.४६८ |
| ३८ | रामेछाप | ०.४६८ |
| ३९ | उदयपुर | ०.४७५ |
| ४० | बाँके | ०.४७५ |
| ४१ | कञ्चनपुर | ०.४७५ |
| ४२ | सुर्खेत | ०.४७६ |
| ४३ | बागलुङ | ०.४७८ |
| ४४ | भोजपुर | ०.४७९ |
| ४५ | गोरखा | ०.४८१ |
| ४६ | अर्घाखाँची | ०.४८२ |
| ४७ | दाङ | ०.४८५ |
| ४८ | संखुवासभा | ०.४८८ |
| ४९ | म्याग्दी | ०.४९ |

| | | |
|---|---|---|
| ५० | नवलपरासी | ०.४९२ |
| ५१ | ताप्लेजुङ | ०.४९४ |
| ५२ | खोटाङ | ०.४९४ |
| ५३ | सुनसरी | ०.४९६ |
| ५४ | मकवानपुर | ०.४९७ |
| ५५ | पाँचथर | ०.४९८ |
| ५६ | रुपन्देही | ०.४९८ |
| ५७ | पाल्पा | ०.५ |
| ५८ | सोलुखुम्बु | ०.५०२ |
| ५९ | तनहुँ | ०.५०६ |
| ६० | लमजुङ | ०.५०७ |
| ६१ | मुस्ताङ | ०.५०८ |
| ६२ | पर्वत | ०.५१ |
| ६३ | मोरङ | ०.५१३ |
| ६४ | धनकुटा | ०.५१७ |
| ६५ | झापा | ०.५१८ |
| ६६ | काभ्रेपलाञ्चोक | ०.५२ |
| ६७ | इलाम | ०.५२६ |
| ६८ | तेह्रथुम | ०.५२७ |
| ६९ | स्याङजा | ०.५२७ |
| ७० | चितवन | ०.५५१ |
| ७१ | मनाङ | ०.५६८ |
| ७२ | भक्तपुर | ०.५७३ |
| ७३ | कास्की | ०.५७६ |
| ७४ | ललितपुर | ०.६०१ |
| ७५ | काठमाडौं | ०.६३२ |